# प्रदेश राजपत्र


गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, जेठ २१ गते, २०८२ साल (सङ्ख्या ०३


## भाग ३

## गण्डकी प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

### आपतकालीन स्वास्थ्य सेवा तथा सङ्क्रामक रोग व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना**: गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२ को परिच्छेद ९ र १० बमोजिम आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको प्रकोप नियन्त्रणका लागि पूर्व तयारी, रोगको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारलाई प्रभावकारी बनाउन साथै

उक्त कार्यका लागि प्रभावकारी रूपमा जनशक्ति परिचालन गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२ को दफा ९८ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

परिच्छेद - १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आपतकालीन स्वास्थ्य सेवा तथा सङ्क्रामक रोग व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अन्य रोग" भन्नाले दफा ३ को उपदफा (३) को खण्ड (ज) बमोजिम थप भएका रोगलाई सम्झनु पर्दछ ।

(ख) "आपतकालीन स्वास्थ्य सेवा" भन्नाले प्राकृतिक वा गैरप्राकृतिक विपद वा कुनै सङ्क्रामक रोग वा अन्य कारणबाट नागरिकको स्वास्थ्य र दैनिकीमा गम्भीर समस्या उत्पन्न हुने अवस्थामा प्रदान गरिने स्वास्थ्य सेवा सम्झनुपर्छ। सो शब्दले गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२ को दफा ६३ का साथै जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४८ एवं जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम २७ बमोजिमको अवस्थालाई जनाउँदछ ।

(ग) "कोष" भन्नाले दफा ८ बमोजिमको जनस्वास्थ्य आपतकाल व्यवस्थापन कोषलाई सम्झनु पर्दछ ।

(घ) "कोष सञ्चालक समिति" भन्नाले दफा ४ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

(ङ) "जनशक्ति" भन्नाले सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न दफा १२ बमोजिमको कार्यको लागि खटिएका चिकित्सक, स्वास्थ्यकर्मी एवं अन्य जनशक्तिलाई सम्झनु पर्दछ।

(च) "जोखिम भत्ता" भन्नाले सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहने जनशक्तिलाई प्रदान गरिने भत्ता सम्झनु पर्दछ।

(छ) "निर्देशक समिति" भन्नाले दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(ज) "प्रयोगशाला" भन्नाले सङ्क्रामक रोगको परीक्षण गरिने प्रयोगशाला सम्झनु पर्दछ।

(झ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ।

(ञ) "सचिवालय" भन्नाले दफा ३, ४ र ५ बमोजिमका समितिहरूको एकीकृत सचिवालयलाई सम्झनु पर्दछ।

(ट) "सम्बन्धित निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह अन्तर्गतका कार्यालयलाई सम्झनु पर्दछ।

(ठ) "समन्वय समिति" भन्नाले दफा ५ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

(ड) "सङ्क्रामक रोग" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४९ को उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका अनुसूची-१ बमोजिमका बाउन्न वटा रोगहरू र नेपाल सरकारबाट थप भएमा सो समेतलाई सम्झनु पर्दछ ।

परिच्छेद - २

## निर्देशक, समन्वय एवं कोष सञ्चालक समिति

३. **निर्देशक समिति** : (१) आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचारका सम्बन्धमा आवश्यक निर्देशन दिन देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ।

(क) मुख्यमन्त्री - संयोजक

(ख) मन्त्री, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ग) मन्त्री, मन्त्रालय - सदस्य

(घ) प्रमुख सचिव - सदस्य

(ङ) प्रदेश सचिव, आर्थिक मामिला सम्बन्धी विषय

हेर्ने मन्त्रालय - सदस्य

(च) प्रदेश सचिव, मन्त्रालय - सदस्य

(छ) अतिरिक्त प्रदेश सचिव, मन्त्रालय - सदस्य-सचिव

(पद रिक्त रहेको अवस्थामा मन्त्रालयको प्रदेश सचिवले तोकेको महाशाखा प्रमुख)

(२) पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थिति भएमा समितिको निर्णय मानिनेछ।

(३) समितिले आवश्यकतानुसार अन्य विशेषज्ञ, विज्ञ एवं कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ख) सङ्क्रामक रोगको नियन्त्रण र उपचारको लागि आर्थिक व्यवस्थापन सम्बन्धी निर्णय गर्ने,

(ग) समन्वय र कोष सञ्चालक समितिलाई आवश्यक निर्देशन दिने,

(घ) सङ्क्रामक रोग निदान, रोकथाम, नियन्त्रण र उपचारको लागि स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति व्यवस्थापन गर्न निर्देशन दिने,

(ङ) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचार गर्ने सम्बन्धमा प्रदेश, जिल्ला तथा स्थानीयस्तरमा गठित विभिन्न समितिहरुलाई आवश्यक निर्देशन दिने,

(च) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा प्रदेश, स्थानीय तह, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय सङ्घसंस्था, स्वयंसेवक, नागरिक समाज लगायत सबै निकायको भूमिका निर्धारण गर्ने,

(छ) जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४८ र ४९ एवं जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम २७ र २८ अनुसारको आपतकालीन स्वास्थ्य सेवा एवं

सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा आवश्यक निर्णय गर्ने एवं निर्देशन दिने,

(ज) गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२ मा भएको व्यवस्था बमोजिम आवश्यक निर्देशन दिने,

(झ) दफा २ को खण्ड (ङ) बाहेक अन्य सरूवा एवं महामारीजन्य रोग थप गर्ने,

(ञ) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न दफा १२ बमोजिमको कार्यको लागि खटिएका चिकित्सक, स्वास्थ्यकर्मी एवं अन्य जनशक्तिको लागि प्रदान गरिने जोखिम भत्ता निर्धारण गर्ने,

(ट) अन्य आवश्यक निर्णय गर्ने एवं निर्देशन दिने ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>कोष सञ्चालक समितिः</u> (१) दफा ८ को उपदफा (१) बमोजिमको कोष सञ्चालन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछः-

(क) प्रदेश सचिव, मन्त्रालय - संयोजक

(ख) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बैठक तथा प्रशासन सम्बन्धी विषय हेर्ने महाशाखा) - सदस्य

(ग) प्रदेश सचिव, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(घ) अतिरिक्त प्रदेश सचिव, मन्त्रालय -सदस्य

(ङ) प्रमुख, प्रादेशिक जनस्वास्थ्य केन्द्र, कास्की - सदस्य

(च) लेखा प्रमुख, मन्त्रालय - सदस्य

(छ) प्रमुख, चिकित्सा सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय - सदस्य सचिव

(पद रिक्त रहेको अवस्थामा मन्त्रालयको प्रदेश सचिवले तोकेको महाशाखा प्रमुख)

(२) पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थिति भएमा समितिको निर्णय मानिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार समन्वय समितिको सिफारिसमा दफा ८ को उपदफा (१) बमोजिमको कोषबाट दफा ९ बमोजिमको कार्य गर्ने प्रयोजनार्थ सम्बन्धित निकायमा रकम शोधभर्ना एवं निकासा रकम उपलब्ध गराउने सम्बन्धी निर्णय गर्नेछ।

(४) समितिले आवश्यकतानुसार अन्य विशेषज्ञ, विज्ञ एवं कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समन्वय समिति** : (१) आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचारका लागि सङ्घ, प्रदेश, स्थानीय तह र अन्य निकायसँग आवश्यक समन्वय गर्न, जनशक्तिको परिचालन एवं व्यवस्थापन गर्न, द्रुत प्रतिकार्य समितिलाई निर्देशन दिन र द्रुत प्रतिकार्य टोलीको उचित परिचालन गरी प्रभावकारी रूपमा सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण तथा उपचार गर्न देहाय बमोजिमको एक समन्वय समिति रहनेछ।

(क) अतिरिक्त प्रदेश सचिव, मन्त्रालय - संयोजक
(पद रिक्त रहेको अवस्थामा मन्त्रालयको प्रदेश सचिवले तोकेको महाशाखा प्रमुख)

(ख) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश - सदस्य

(ग) प्रतिनिधि, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(घ) प्रमुख, प्रशासन सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय - सदस्य

(ङ) प्रमुख, चिकित्सा सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय - सदस्य

(च) प्रमुख, स्वास्थ्य आपतकाल सम्बन्धी विषय हेर्ने केन्द्र, मन्त्रालय - सदस्य

(छ) प्रमुख, जनस्वास्थ्य सम्बन्धी विषय हेर्ने महाशाखा,

मन्त्रालय - सदस्य सचिव

(पद रिक्त रहेको अवस्थामा मन्त्रालयको प्रदेश सचिवले तोकेको महाशाखा प्रमुख)

(२) पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थिति भएमा समितिको निर्णय मानिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९ को दफा (६) बमोजिमको प्रादेशिक द्रुत प्रतिकार्य समिति र दफा ८ बमोजिमको प्रादेशिक द्रुत प्रतिकार्य टोलीको परिचालनका लागि निर्देशन दिने,

(ख) सङ्क्रामक रोगको नियन्त्रण र उपचार गर्न दफा १२ बमोजिमको जनशक्ति परिचालन गर्ने,

(ग) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक समन्वय गर्ने,

(घ) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने औषधी, औषधीजन्य सामग्री, प्रयोगशाला सामग्री एवं स्वास्थ्य उपकरण लगायतका आवश्यक सामग्रीको व्यवस्थापन गर्न समन्वय र सहजीकरण गर्ने,

(ङ) सङ्क्रामक रोगको नियन्त्रण र उपचारको सम्बन्धमा आवश्यक तथ्याङ्क सहित यथार्थ चित्रण / नक्शाङ्कन सहितको कार्ययोजना निर्देशक समिति समक्ष पेस गर्ने,

(च) सार्वजनिक, सामुदायिक र निजी अस्पताल वा स्वास्थ्य संस्थामा उपचारको आवश्यक व्यवस्था मिलाउन सहजीकरण गर्ने,

(छ) जोखिमको स्थितिको आंकलन गरी यातायात, भिडभाड तथा मानिसको आवत-जावतमा बन्देज लगाउने एवं हटाउने विषयमा निर्देशक समिति समक्ष प्रस्ताव पेस गर्ने,

(ज) सङ्घ, प्रदेश, स्थानीय तह, परोपकारी संस्था, सामुदायिक संस्था, सहयोगी सङ्घ/संस्था, निजी स्वास्थ्य संस्था, सरकारी / गैरसरकारी संस्था एवं निजी क्षेत्रसँग समन्वय गरी सङ्क्रामक रोगको नियन्त्रण र उपचार गर्न समन्वय र सहजीकरण गर्ने,

(झ) सम्बन्धित निकायबाट प्राप्त विवरण एवं मागको आधारमा दफा ९ बमोजिमको कार्यको लागि सम्बन्धित निकायमा रकम शोधभर्ना एवं निकासाको लागि विवरण तयार गरी कोष सञ्चालन समिति समक्ष पेस गर्ने,

(ञ) आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको व्यवस्थापन सम्बन्धी मन्त्रालय एवं मातहतका निकायको पूर्व तयारी र प्रतिकार्य बारे आवश्यकताअनुसार समीक्षा गरी भावी कार्ययोजना तयार गर्ने,

(ट) विपदको अवस्थामा स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यकताअनुसार बैकल्पिक संरचना तथा अस्थायी फिल्ड अस्पताल व्यवस्थापनको लागि सहजीकरण गर्ने,

(ठ) आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचारका लागि खटिएको जनशक्तिको स्वास्थ्य परीक्षण, घाइते वा संक्रमित भएमा उपचारको व्यवस्था मिलाउने,

(ड) दफा १५ बमोजिम रकम शोधभर्ना एवं निकासाको लागि सिफारिस गर्ने,

(ढ) निर्देशक समिति र कोष सञ्चालक समितिको बैठकका लागि एजेण्डा तयार गरी पेस गर्ने,

(ण) निर्देशक र कोष सञ्चालक समितिबाट प्राप्त निर्देशन बमोजिमको कार्यहरू गर्ने।

६. **सचिवालय सम्बन्धी व्यवस्था** : (१) मन्त्रालयको चिकित्सा सम्बन्धी विषय हेर्ने महाशाखा दफा ३, ४ र ५ बमोजिमका समितिहरूको एकीकृत सचिवालयको रूपमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको सचिवालयले प्राप्त निर्देशन बमोजिम समितिहरूको बैठकको लागि एजेन्डाहरू तयार गर्ने, समितिका निर्णयहरू सुरक्षित राख्ने र समितिबाट प्राप्त निर्देशन अनुसारको कार्य गर्नु पर्नेछ।

७. <u>**जिल्लास्तरीय समन्वय समिति**</u> : (१) आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनका लागि प्रदेश, स्थानीय तह र अन्य निकायसँग आवश्यक समन्वय एवं सहयोग गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्लास्तरीय व्यवस्थापन समिति रहनेछ।

(क) प्रमुख, सम्बन्धित प्रादेशिक/प्रदेश अस्पताल - संयोजक

(ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(ग) प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय - सदस्य

(घ) प्रमुख, प्रभावित स्थानीय तहको स्वास्थ्य महाशाखा/शाखा - सदस्य

(ङ) प्रमुख, प्रदेश जनस्वास्थ्य कार्यालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९ को दफा (९) बमोजिमको जिल्लास्तरीय द्रुत प्रतिकार्य टोली, दफा (१०) बमोजिमको स्थानीय द्रुत प्रतिकार्य समिति तथा दफा (११) बमोजिमको स्थानीय द्रुत प्रतिकार्य टोलीको परिचालनका लागि निर्देशन दिने,

(ख) जिल्लामा आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनका लागि समन्वय समिति, स्थानीय तह र अन्य निकायसँग आवश्यक समन्वय एवं सहयोग गर्ने,

(ग) जिल्लामा आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनका लागि समन्वय समितिलाई सिफारिस गर्ने,

(घ) जिल्लामा आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोग व्यवस्थापनका लागि आवश्यक जनशक्ति परिचालनको व्यवस्था मिलाउने,

(ङ) स्थानीय तहमा क्वारेनटाइन, आइसोलेशन, अस्थायी फिल्ड अस्पताल, होल्डिङ सेन्टर आदि व्यवस्थापनमा सहजीकरण गर्ने,

(च) सङ्क्रामक रोगको रोकथाम एवं नियन्त्रणका लागि जिल्ला भित्रको निश्चित क्षेत्र तोकी सार्वजनिक जमघट एवं भेला जस्ता कार्य निषेध गर्न सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने,

(छ) आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको व्यवस्थापन सम्बन्धी जिल्ला एवं स्थानीय तहको पूर्व तयारी र प्रतिकार्य बारे आवश्यकताअनुसार समीक्षा गरी भावी कार्ययोजना तयार गर्ने,

(ज) मौसमी रूपमा देखा पर्ने प्राकृतिक तथा गैरप्राकृतिक विपद्हरूको पूर्व सतर्कता सम्बन्धी कार्यका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्न लक्षित समूहहरूमा जानकारी प्रदान गर्ने,

(झ) जनस्वास्थ्य आपतकालको बेला गलत सूचना प्रवाह हुन वा अफवाह फैलिन नदिने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने र समुदायलाई विपद्को समयमा सही सूचना सम्प्रेषण गर्ने,

(ञ) समन्वय समितिबाट प्राप्त निर्देशन बमोजिमको कार्यहरू गर्ने।

परिच्छेद - ३

## कोषको स्थापना, प्रयोग, निकासा एवं लेखापरीक्षण

८. **कोषको स्थापना** : (१) गण्डकी प्रदेशमा आपतकालीन स्वास्थ्य सेवा एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी कार्य गर्न मन्त्रालयको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा "जनस्वास्थ्य आपतकाल व्यवस्थापन कोष" को स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहहरुबाट प्राप्त रकम,

(घ) कुनै व्यक्ति, गैर सरकारी तथा निजी सङ्घ संस्थाबाट प्राप्त रकम,

(ङ) विदेशी संस्था, सरकार वा अन्तराष्ट्रिय संस्थाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम लिनु अघि प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

९. **कोषको** प्रयोग : कोषमा जम्मा भएको रकम देहायको कार्यमा खर्च गरिनेछः-

(क) जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४८ एवं जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम २७ बमोजिम आपतकालीन स्वास्थ्य सेवा, सङ्क्रामक रोगको प्रकोप एवं महामारी, किट एवं सुक्ष्म जिवाणु र विषाणुको प्रकोप, प्राकृतिक एवं गैरप्राकृतिक विपद र आकस्मिक तथा अन्य कारणबाट उत्पन्न जनस्वास्थ्यसँग सम्बन्धित समस्याको समाधान एवं व्यवस्थापन सम्बन्धी कार्य गर्न,

(ख) जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४९ एवं जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम २८ बमोजिम सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी कार्य गर्न,

(ग) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक क्वारेन्टाइन, आइसोलेशन वार्ड, डेडिकेटेड अस्पताल, अस्थायी फिल्ड अस्पताल स्थापना, सञ्चालन, विस्तार /सुदृढीकरण एवं व्यवस्थापन सम्बन्धी कार्य गर्न,

(घ) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचारका लागि क्वारेन्टाइन स्थल सञ्चालन गर्ने, आइसोलेशनमा राख्ने, प्रयोगशाला परीक्षण गर्ने, उपचार गर्ने सम्बन्धी कार्य गर्ने

निकाय, अस्पताल एवं स्वास्थ्य संस्थालाई उक्त निकायको मागको आधारमा लागेको र लाग्ने सक्ने अनुमानित सम्भावित रकम सो निकाय, अस्पताल एवं स्वास्थ्य संस्थालाई शोधभर्ना गर्न एवं रकम उपलब्ध गराउन,

(ङ) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचार कार्यका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, मेडिकल सामग्री, प्रयोगशाला सामग्री, खोप, औजार उपकरण, औषधी एवं औषधीजन्य सामग्री व्यवस्थापन गर्न,

(च) सङ्क्रामक रोगबाट प्रभावित व्यक्तिको उपचार सम्बन्धी कार्य गर्न,

(छ) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचार कार्यका लागि अभिमुखीकरण, तालिम, द्रुत प्रतिकार्य टोली परिचालन तथा केस इन्भेस्टिगेसन, कन्टयाक्ट ट्रेसिङ्ग सम्बन्धी कार्य गर्न,

(ज) आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र एवं मन्त्रालय मातहतका अस्पतालहरूमा आवश्यक औषधी, औषधीजन्य सामग्री, प्रयोगशाला सामग्री लगायतका स्वास्थ्य उपकरण सहितको डिज्यास्टर स्टोर व्यवस्थापन गर्न,

(झ) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचारका लागि क्वारेन्टाइन स्थल सञ्चालन गर्ने, आइसोलेशनमा राख्ने, प्रयोगशाला परीक्षण गर्ने, उपचार गर्ने सम्बन्धी कार्य गर्ने निकाय, अस्पताल एवं स्वास्थ्य संस्थालाई दफा १५ बमोजिम रकम शोधभर्ना गर्न एवं निकासा मार्फत रकम उपलब्ध गराउन,

(ञ) आपतकालीन स्वास्थ्य सेवा एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचारको लागि प्रदेश सरकारबाट र निर्देशक समितिबाट निर्णय भए बमोजिमका अन्य कार्यहरू गर्न,

(ट) आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचारका लागि खटिएको

जनशक्तिको स्वास्थ्य परीक्षण गर्नुपरेमा, घाइते भएमा तथा संक्रमित भई उपचार गर्नु परेमा सोको खर्च व्यवस्थापन गर्न,

(ठ) प्रदेश स्थित कुनै स्थानीय तहले विपद वा स्वास्थ्य आपतकाल तथा सङ्क्रामक रोगको प्रकोप व्यवस्थापनको लागि मन्त्रालय समक्ष लिखित अनुरोध गरेमा कोषबाट रकम खर्च हुने गरी मन्त्रालयले पूर्व तयारी एवं प्रतिकार्य गर्न गराउन सक्नेछ।

१०. **कोषको सञ्चालन, रकम निकासा एवं लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** (१) कोषको खाता सञ्चालन मन्त्रालयको प्रदेश सचिव र मन्त्रालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(२) दफा ५ बमोजिमको समितिको निर्णय अनुसारको कार्यको लागि रकम निकासा दफा ८ (१) बमोजिमको कोषबाट हुनेछ । तर यसरी रकम निकासा गर्दा सरकारी निकाय बाहेक अन्य निकायमा रकम निकासा गर्न एवं रकम उपलब्ध गराउन पाइने छैन । यदि अन्य निकायमा रकम उपलब्ध गराउनु पर्ने भएमा मन्त्रालयबाट नै खर्च गर्नुपर्नेछ।

(३) कोषको आम्दानी र खर्चको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(४) कोषबाट रकम निकासा भई खर्च भएको रकमको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम रकम निकासा भई खर्च गर्ने निकायबाट गर्नुपर्नेछ।

(५) कोषको रकम निकासा भई रकम प्राप्त गर्ने निकायले प्रचलित कानून बमोजिम लेखा राख्ने, खर्च गर्ने, लेखा परीक्षण गराउने र बेरूजु देखिएमा सोको जवाफदेही समेत हुने गरी विविध कोष खातामा रकम निकासा हुनेछ ।

## परिच्छेद - ४

## सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको व्यवस्थापन

११. **जोखिम भत्ता लागु हुने निकायः** सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण तथा उपचारको लागि सङ्घ, प्रदेश र स्थानीय तह अन्तर्गतका सरकारी निकाय, अस्पताल एवं स्वास्थ्य संस्था र निर्देशक समितिद्वारा तोकिएका अन्य निकायको हकमा जोखिम भत्ता लागू हुनेछ ।

१२. **<u>जोखिम भत्ता प्राप्त गर्न योग्य जनशक्तिः</u>** (१) सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न देहायका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्नेछन्।

(क) उपचारमा संलग्न देहायका जनशक्ति;

(१) संक्रमणको शंकास्पद र जोखिममा भएको व्यक्तिको शुरु परीक्षण र सोमा सहयोग पुऱ्याउन खटिएका जनशक्ति,

(२) संक्रमणको शंकास्पद व्यक्ति एवं संक्रमितको परीक्षणमा खटिएका जनशक्ति,

(३) संक्रमणको शंकास्पद व्यक्ति एवं संक्रमितलाई आइसोलेसनमा राखेको अवस्थामा त्यस्तो आईसोलेसनमा कार्य गर्न खटिएका जनशक्ति,

(४) संक्रमितको उपचारमा खटिएका जनशक्ति,

(५) संक्रमण रोगको पुष्टि भएका व्यक्तिलाई उपचार गर्न भनी तोकिएका डेडीकेटेड अस्पतालमा ड्युटी रोष्टर अनुसार खटिएका जनशक्ति,

(६) संक्रमणको शंकास्पद व्यक्ति तथा संक्रमणको पुष्टि भएका व्यक्तिलाई इमेजिङ सेवा प्रदायक जनशक्ति,

(७) निर्देशक समितिले तोकेको अन्य जनशक्ति ।

(ख) प्रयोगशाला परीक्षणमा संलग्न जनशक्ति;

(१) सङ्क्रामक रोगको शंकास्पद व्यक्तिको नमूना संकलन, प्याकिङ र ढुवानीमा संलग्न जनशक्ति,

(२) सङ्क्रामक रोगको शंकास्पद व्यक्तिको नमूना परीक्षण र प्रमाणीकरण गर्ने जनशक्ति,

(ग) सङ्क्रामक रोगको नियन्त्रणका लागि प्रदेश सरकारबाट स्थापना गरिएका क्वारेनटाइन एवं आइसोलेसन स्थलमा खटिएका जनशक्ति,

(घ) सङ्क्रामक रोगको रोकथाम र नियन्त्रण प्रयोजनका लागि प्रदेश सरकारबाट स्थापना गरिएका हेल्थ डेस्क एवं स्वास्थ्य परीक्षणमा खटिएका जनशक्ति,

(ङ) उपदफा (क),(ख),(ग) र (घ) को जनशक्तिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोगका लागि तत् तत् स्थानमा खटिएका जनशक्ति,

(च) संक्रमित व्यक्तिहरूसँग सम्बन्धित व्यक्तिहरूको पहिचानमा खटिने द्रुत प्रतिकार्य टोली , केस इन्भेस्टिगेसन र कन्ट्याक्ट ट्रेसिङ्गमा खटिने जनशक्ति,

(छ) यस कार्यविधि बमोजिम सङ्क्रामक रोगको नियन्त्रण र रोकथामको लागि अनुगमन, मूल्याङकन तथा व्यवस्थापनमा संलग्न जनशक्ति।

(२) जोखिम भत्ता प्राप्त गर्नको लागि सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्य गर्ने वा गरेको दफा ११ बमोजिमको निकायले दफा १२ बमोजिमको कार्यको लागि अवधि खुलाई जनशक्ति खटाउनको लागि समन्वय समिति समक्ष स्वीकृतिको लागि पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरणका सम्बन्धमा समन्वय समितिले संक्रमणको हालको अवस्था र हुन सक्ने सम्भावित जोखिम समेतलाई मध्यनजर (आकलन) गरी अवधि तोकी जनशक्ति खटाउनको लागि स्वीकृत प्रदान गर्नेछ ।

१३. **<u>जोखिम भत्ता प्राप्त गर्न आधार, प्रमाण र मापदण्डः</u>** (१) जोखिम भत्ता प्राप्त गर्नका लागि देहायका सम्बन्धित कागजातहरु संलग्न भएको हुनुपर्नेछः

(क) दफा १२ को उपदफा (३) बमोजिम समन्वय समितिबाट जनशक्ति खटाउनको लागि स्वीकृत प्रदान गरेको विवरण,

(ख) सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचार गर्न दफा १२ बमोजिमको कार्य गर्नको लागि सम्बन्धित निकाय, अस्पताल एवं स्वास्थ्य संस्थाले खटाएको प्रमाण (ड्युटी रोस्टर) र सो अनुसार खटिएको स्थानमा कार्य गरेको कार्यालय प्रमुखबाट प्रमाणित हाजिरी,

(ग) क्वारेन्टाईनको हकमा क्वारेन्टाईनमा बसेका व्यक्तिको प्रमाणित अभिलेख,

(घ) उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परीक्षण गरेका, आईसोलेसनमा राखेका तथा संक्रमणको पुष्टि भई उपचार गरेका बिरामीको विवरण,

(ङ) ईमेजिङ सेवा प्रदायकको हकमा संक्रमण रोगको शंकास्पद तथा पुष्टि भएका बिमारीलाई ईमेजिङ सेवा प्रदान गरेको विवरण,

(च) प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिको हकमा नमूना संकलन गरीएका, नमूना संकलनका लागि पठाइएका तथा प्रयोगशाला परीक्षण गरीएका व्यक्तिको विवरण,

(२) जोखिम भत्ताको मापदण्डः जोखिम भत्ताको मापदण्ड कोरोना भाइरस सङ्क्रामक रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिका लागि जोखिम भत्ता र बिमा व्यवस्थापन कार्यविधि (संशोधन सहित), २०७७ को दफा ७ का आधारमा निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **होटल बास, खाजा तथा खानाको मापदण्डः** (१) सङ्क्रामक रोगको नियन्त्रण र उपचार कार्यमा अन्य स्वास्थ्य संस्था एवं निकायबाट खटाइने चिकित्सक, स्वास्थ्यकर्मी एवं जनशक्तिलाई उपचार अवधिभर होटल बास, खाजा र खानाको व्यवस्था गर्न साथै सङ्क्रामक रोग लागेका एवं लाग्न सक्ने जोखिम देखिएका वा सम्भावना देखि क्वारेन्टाइन स्थल, आइसोलेशन स्थल, अस्पताल एवं स्वास्थ्य संस्थामा राखिएका शंकास्पद व्यक्ति एवं विरामीहरूको खाजा तथा खानाको व्यवस्था अनुसूची-२ अनुसारको मापदण्ड बमोजिम हुनेछ।

(२) आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापनमा खटिने जनशक्तिलाई उपदफा (१) बमोजिम होटेल बास, खाजा तथा खाना व्यवस्था हुनुका साथै उक्त कार्यका लागि जनशक्ति कार्यरत रहेको निकायबाट प्रभावित क्षेत्रमा खटाइएमा निजहरूका लागि प्रचलित नियमानुसार यातायात खर्च उपलब्ध हुनेछ।

१५. **जोखिम भत्ता, होटल वास, खाजा तथा खानाको रकम निकासा प्रकृयाः** दफा ११ बमोजिमको निकायले दफा १३ र १४ बमोजिमको मापदण्डको आधारमा दफा १२ बमोजिमको कार्य गर्नको लागि दफा १३ (२) बमोजिमको जोखिम भत्ता दफा १३ (१) बमोजिमको प्रमाण कागजात विवरण सहित समन्वय समिति समक्ष पेस गर्नुपर्नेछ र समन्वय समितिले आवश्यक कागजात रूजु गरी जोखिम

भत्ता, होटल वास, खाजा तथा खानाको रकम शोधभर्ना एवं निकासाको लागि कोष सञ्चालन समिति समक्ष सिफारिस सहित पेस गर्नेछ ।

१६. **<u>सुरक्षा निकाय तर्फको जनशक्ति व्यवस्थापनः</u>** सङ्क्रामक रोगको रोकथाम, नियन्त्रणको लागि सुरक्षा निकाय तर्फको जनशक्तिको हकमा प्रचलित सङ्घीय कानून एवं मापदण्ड बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालयको समन्वयमा सम्बन्धित जिल्लाको सुरक्षा प्रमुखले आवश्यक व्यवस्थापन गर्नेछ।

१७. **<u>सङ्क्रामक रोगबाट मृत्यु भएको शवको व्यवस्थापनः</u>** सङ्क्रामक रोगबाट मृत्यु भएको शवको व्यवस्थापन प्रचलित सङ्घीय कानून एवं मापदण्ड बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालयको समन्वयमा स्वास्थ्य संस्था, सुरक्षा निकाय र सम्बधित स्थानीय तह समेतको सहभागितामा आवश्यक व्यवस्थापन गरिनेछ।

१८. **<u>जनशक्तिको उपचार व्यवस्थापनः</u>** आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन एवं सङ्क्रामक रोगको निदान, रोकथाम, नियन्त्रण र उपचारका लागि खटिएको जनशक्तिको स्वास्थ्य परीक्षण, घाइते वा संक्रमित भएमा उपचारको प्रवन्ध हुनेछ।

## परिच्छेद - ५

## <u>विविध</u>

१९. **<u>विशेष परिस्थितिमा खरिद गर्न सकिने</u>** : आपतकालीन स्वास्थ्य सेवा एवं सङ्क्रामक रोगको नियन्त्रण र उपचार गर्ने प्रयोजनार्थ तत्काल आवश्यक पर्ने स्वास्थ्य सामग्री, औजार उपकरण, औषधी, औषधीजन्य सामग्री खरिद गर्न एवं पूर्वाधार निर्माण सम्बन्धी कार्य गर्न सार्वजनिक खरिद ऐन (संशोधन सहित), २०६३ को दफा ४१ को उपदफा (घ३) बमोजिम निर्देशक समितिबाट निर्णय गरी विशेष परिस्थिति मानी खरिद गर्न सकिनेछ।

२०. **<u>प्रचलित कानून बमोजिम गर्न सकिनेः</u>** यस कार्यविधिमा व्यवस्था भएका विषयका हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको विषयमा नेपाल सरकारबाट जारी जनस्वास्थ्य आपत्काल व्यवस्थापन निर्देशिका, २०८२ र नेपाल सरकारको प्रचलित आपतकालीन स्वास्थ्य सेवा एवं सङ्क्रामक रोग व्यवस्थापन सम्बन्धी ऐन, नियमावली, आदेश, कार्यविधि, निर्देशिका, मापदण्ड बमोजिम निर्देशक समितिबाट निर्णय गरी आवश्यक कार्य गर्न सकिनेछ।

२१. **<u>बाधा नपर्नेः</u>** मिति २०८२ फाल्गुन दोस्रो हप्तादेखि बागलुङ जिल्लाको ढोरपाटन नगरपालिकामा देखिएको दादुरा प्रकोपको व्यवस्थापनका लागि यस कार्यविधि

बमोजिम आवश्यक रकम निकासा गर्न एवं शोधभर्ना रकम उपलब्ध गराउन बाधा पर्ने छैन।

२२. **बाधा अड्काउ फुकाउन सक्ने**: यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२३. **संशोधन** : (१) गण्डकी प्रदेश सरकारले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

**अनुसूची - १**

(दफा २ को खण्ड (क) र (ङ) सँग सम्बन्धित)

**रोगको सूची:**

| **क.सं.** | **रोगको नाम** |
|---|---|
| **(क) सङ्क्रामक रोगः** | |
| १. | रेबिज (Rabies) |
| २. | क्षयरोग (Tuberculosis) |
| ३. | कोभिड–१९ (COVID-19) |
| ४. | दादुरा (Measles) |
| ५. | डेंगु (Dengue) |
| ६. | जापानीज इन्सेफालाइटिस (Japanese Encephalitis) |
| ७. | हैजा (Cholera) |
| ८. | धनुष्टंकार (Tetanus) |
| ९. | एच.आई.भी र एड्स (HIV and AIDS) |
| १०. | इन्फ्लुएन्जा (Influenza – Seasonal & Zoonotic) |
| ११. | स्क्रब टाइफस (Scrub Typhus) |
| १२. | टाइफाइड/प्याराटाइफाइड ज्वरो (Enteric Fever) |
| १३. | कालाजार (Leishmaniasis) |
| १४. | रोटाभाइरस (Rotavirus) |
| १५. | रुबेला (Rubella) |
| १६. | लेप्टोस्पाइरोसिस (Leptospirosis) |
| १७. | भ्यागुते रोग (Diphtheria) |
| १८. | निमोकोकल निमोनिया (Pneumococcal Pneumonia) |
| १९. | हेपाटाइटिस बी (Hepatitis B) |
| २०. | औलो ज्वरो (Malaria) |
| २१. | एच. इन्फ्लुएन्जा (H. Influenzae) |
| २२. | ब्रुसेलोसिस (Brucellosis) |
| २३. | कुष्ठरोग (Leprosy) |
| २४. | लहरे खोकी (Pertussis) |
| २५. | हेपाटाइटिस सी (Hepatitis C) |
| २६. | निपाह भाइरस संक्रमण (Nipah Virus Infection) |
| २७. | एन्थ्राक्स (Anthrax) |

| | |
|---|---|
| २८. | पोलियो (Poliomyelitis) |
| २९. | मम्प्स (Mumps) |
| ३०. | टोक्सोप्लाज्मोसिस (Toxoplasmosis) |
| ३१. | ट्राकोमा (Trachoma) |
| ३२. | इबोला भाइरस रोग (Ebola Virus Disease) |
| ३३. | लिम्फाटिक फिलारियासिस (Lymphatic Filariasis) |
| ३४. | साल्मोनेलोसिस (Salmonellosis) |
| ३५. | क्रिमियन कङ्गो हेमोराजिक ज्वरो (CCHF) |
| ३६. | मार्बर्ग भाइरस रोग (Marburg Virus Disease) |
| ३७. | सार्स (SARS) |
| ३८. | हेपाटाइटिस ए (Hepatitis A) |
| ३९. | मर्स (MERS) |
| ४०. | प्लेग (Plague) |
| ४१. | लिजियोनेलोसिस (Legionellosis) |
| ४२. | इचिनोकोकोसिस/हाइडाटिडोसिस (Echinococcosis) |
| ४३. | एमपक्स (Mpox / Monkeypox) |
| ४४. | बिफर (Smallpox) |
| ४५. | येलो फिभर (Yellow Fever) |
| ४६. | हेपाटाइटिस ई (Hepatitis E) |
| ४७. | सिस्टिसरकोसिस/टेनीयासिस (Cysticercosis/Taeniasis) |
| ४८. | चिकुनगुनिया (Chikungunya) |
| ४९. | जिका (Zika) |
| ५०. | क्यू फिभर (Q Fever) |
| ५१. | लासा फिभर (Lassa Fever) |
| ५२. | रिफ्ट भ्याली फिभर (Rift Valley Fever) |
| ५३. | अन्य नेपाल सरकारबाट थप भएका रोग |
| **(ख) अन्य रोगः** | |
| ५४. | दफा ३ को उपदफा (३) को खण्ड (ज) बमोजिम थप भएका सरूवा एवं महामारीजन्य रोग |

## अनुसूची - २

(दफा १४ सँग सम्बन्धित)

**<u>होटल बास, खाजा र खानाको मापदण्डः</u>**

| क्र. सं | विवरण | होटल बास खर्च प्रति व्यक्ति / प्रति दिन रू. | खाना खर्च (विहान र बेलुका) प्रति व्यक्ति / प्रति छाक रू. | खाजा खर्च (प्रति व्यक्ति / प्रति दिन) रू. | अवधि |
|---|---|---|---|---|---|
| १ | सङ्क्रामक रोगको नियन्त्रण तथा उपचारमा खटाइएका विशेषज्ञ चिकित्सक, चिकित्सक, स्वास्थ्यकर्मी एवं जनशक्तिको हकमा | १२०० | ४०० | ३०० | खटाइएको अवधिभर |
| २ | सङ्क्रामक रोग लागेका एवं लाग्न सक्ने जोखिम देखि क्वारेन्टाइन स्थल, आइसोलेशन स्थल, अस्पताल एवं स्वास्थ्य संस्थामा राखिएका शंकास्पद व्यक्ति एवं विरामीहरूको हकमा | - | ३०० | २०० | राखिएको अवधिभर |

आज्ञाले,
डा. युवानिधि बसौला
प्रदेश सरकारको सचिव

प्रमाणीकरण मितिः २०८३।०१।३०

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु. ५०।-